## बगनासकाली गाउँपालिका

## युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि २०७९

**प्रस्तावना**

बगनासकाली गाउँपालिकाभित्रका युवाहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि, आयआर्जन र रोजगारी-स्वरोजगारीको सिर्जना गर्न, युवा लक्षित कार्यक्रम निर्माण र कार्यान्वयन तथा युवामैत्री बजेट र योजना निर्माणमा सहजीकरण गर्न, युवाहरुको नेतृत्व विकास गर्दै सामाजिक काममा लाग्न प्रेरित गर्न तथा खेलकूद क्षेत्र र युवाहरुको समग्र वृत्तिविकास एवं हित प्रवर्द्धनको लागि आवश्यक कानुनी व्यवस्था गरी युवा तथा खेलकूद विकास समिति गठन र परिचालन गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र बसकाली गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१.संक्षिप्त नाम**ः यो कार्यविधिको नाम "बगनासकाली गाउँपालिका युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि २०७९" रहेको छ ।

**२. प्रारम्भ**ः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषा**ः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा-
(१) "कार्यविधि" भन्नाले "बगनासकाली गाउँपालिका युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि २०७९"लाई सम्झनुपर्दछ ।
(२) "वडा समिति" भन्नाले वडा अध्यक्षको अध्यक्षतामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठित वडा समितिलाई सम्झनुपर्दछ ।
(३) "गाउँपालिका" भन्नाले बगनासकाली गाउँपालिकालाई सम्झनुपर्दछ ।
(४)"कार्यपालिका" भन्नाले बगनासकाली गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।
(५) "गैह्रसरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थालाई सम्झनुपर्दछ ।
(६) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित युवा तथा खेलकुद विकास समितिलाई सम्झनुपर्दछ ।
(७) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम गठित युवा तथा खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनुपर्दछ ।
(८) "उपाध्यक्ष र सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठित युवा तथा खेलकुद विकास समितिको उपाध्यक्ष र सदस्यलाई सम्झनु पर्दछ ।
(९) "सदस्य सचिव" भन्नाले युवा तथा खेलकुद विकास समितिको सदस्य सचिवको रुपमा काम गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्दछ ।

**४. कार्यविधिको पालना गर्नुपर्नेः**
गाउँपालिकाभित्र गठन हुने युवा तथा खेलकुद विकास समिति र सोअन्तर्गत गठन गरिने वडा युवा तथा खेलकुद विकास समिति, युवा क्लव, उपभोक्ता समिति, संघ, संस्था, समूहले यो कार्यविधिको पूर्ण रुपमा पालना गर्नुपर्दछ ।

### परिच्छेद २
### युवा तथा खेलकुद विकाससमितिको गठन र योग्यता

**५. समिति गठन**ः
युवा तथा खेलकुद विकास समितिको गठन देहायबमोजिम हुनेछ :

(१) गाउँपालिकाको प्रत्येक वडामा गठित वडा समन्वय समितिको संयोजकहरु १-१ जना गरी ९ जना सदस्यहरु हुनेछन् र गाउँकार्यपालिको १ जना सदस्यलाई कार्यपालिकाले संयोजक तोक्नेछ ।
(२) समितिमा समावेश हुन छुटेको जात, जातिका तथा लिंगको प्रतिनिधित्व हुने गरि गाउँपालिका अध्यक्षले तोकेको २ जना - सदस्य रहनेछन् ।
(३) समितिले कार्य सञ्चालन गर्नको लागि बैठकवाट १-१ जना उपाध्यक्ष, सचिब तथा कोषाध्यक्ष जिम्मेबारी तोक्नेछ ।
(४) सामाजिक विकास शाखाको प्रमुख वा गाउँकार्यपालिकाले तोकेको कर्मचारी - सदस्य सचिव

**६. पदाधिकारी तथा सदस्यहरुको योग्यताः**
युवा तथा खेलकुद विकास समितिका पदाधिकारी तथा सदस्यहरुको योग्यता देहायबमोजिम हुनेछ :
(१) ब्गानासकाली गाउँपालिकाको स्थायी बासिन्दा ।
(२) १६ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।
(३) कुनै फौज्दारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।
(४) युवाहरुको हकहित संरक्षण, खेलकुद क्षेत्रको विकास तथा अन्य सामाजिक-राजनीतिक क्षेत्र, गैरसरकारी क्षेत्र, युवा क्लव, सहकारी वा संघसंस्थामा काम गरेको युवा हुनुपर्नेछ ।

**७. वडास्तरीय युवा तथा खेलकुद विकास समितिः**
(१) युवा तथा खेलकुद विकास समितिको काममा सहयोग, समन्वय, सहजीकरण गर्न र समितिले तोकेका अन्य काम गर्न युवा तथा खेलकुद विकास समितिले हरेक वडामा वडास्तरीय युवा तथा खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम गठित वडास्तरीय युवा तथा खेलकुद विकास समिति ७ देखि ११ जनासम्मको हुनेछ ।
(३) वडास्तरीय युवा तथा खेलकुद विकास समितिका पदाधिकारी तथा सदस्यहरुको योग्यता समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ३
## काम, कर्तव्य र अधिकार

**८. समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-
(१) युवा तथा खेलकुदसम्बन्धी अल्पकालिन, मध्यकालिन र दीर्घकालिन नीति, योजना र कार्यक्रम निर्माणको लागि गाउँ कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।
(२) युवा लक्षित कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।
(३) विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाले गाउँपालिकाभित्र सञ्चालन गर्ने युवाहरु लाभान्वित हुने कार्यक्रममा आवश्यक सहयोग र समन्वय गर्ने ।
(४) गाउँपालिका वा अन्य निकायबाट प्राप्त श्रोत परिचालन गरी समितिमार्फत् सञ्चालन गरिने विभिन्न कार्यक्रम र बजेटको समयमै कार्यान्वयन गर्ने र सोको लागि क्लब, उपभोक्ता समिति, अनुगमन समिति वा अन्य समिति/उपसमिति गठन गर्ने ।
(५) युवा तथा खेलकूदसम्बन्धी विभिन्न दिवस समारोह मनाउने ।
(६) विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गर्ने तथा अन्य निकायले आयोजना गरेका प्रतियोगिताहरुमा सहभागी पठाउने ।
(७) खेल क्षेत्रको विकासको लागि नियमित प्रशिक्षण, जनशक्ति व्यवस्थापन र पूर्वाधार विकास गर्ने ।
(८) गाउँपालिकाभित्र गठित युवा क्लवहरुलाई समितिमा आवद्ध गर्ने, संस्थागत ढंगले सञ्चालनको लागि निर्देशन दिने, परिचालन गर्ने र आवश्यक सहयोग, समन्वय गर्ने ।
(९) युवाहरुको सीप, दक्षता, क्षमता र नेतृत्व विकास गरी रोजगारी-स्वरोजगारीको सिर्जना गर्ने ।
(१०) सरकार, बैंक तथा बित्तीय संस्था र निजीक्षेत्रसँगको सहकार्य, लगानी वृद्धि एवं नीतिगत पैरवीमार्फत् युवा उद्यमशिलताको वातावरण निर्माण गर्ने ।
(११) युवा तथा खेलकूद क्षेत्रको विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
(१२) वडा युवा तथा खेलकुद विकास समितिहरुको गठन गरी यस कार्यविधिअन्तर्गत काम, कर्तव्य र अधिकार तोक्ने तथा परिचालन गर्ने ।
(१३) समितिका पदाधिकारीहरुको भौगोलिक वा विषयगत कार्यविभाजन गर्ने ।

(१४) सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने ।
(१५) युवा सम्बन्धी तोकिएका अन्य काम गर्ने ।

**९. पदाधिकारीको काम, कर्तव्य र अधिकार**: यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**
क) समितिको अध्यक्षको रुपमा नेतृत्व गर्ने र परिचालन गर्ने ।
ख) बैठकको अध्यक्षता गर्ने ।
ग) समितिको बैठक आयोजना गर्न सदस्य सचिवलाई निर्देशन दिने ।
घ) समितिका पदाधिकारी तथा सदस्यहरुको कामको मूल्यांकन गर्ने र आवश्यक निर्देशन दिने ।
ङ) सदस्य सचिवसँगको परामर्शमा बैठकका एजेण्डा तय गर्ने ।
च) गाउँकार्यपालिकाले तोकेका र यस कार्यविधिबमोजिम गर्नुपर्ने अन्य कामहरु गर्ने ।
**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**
क) बैठकमा सहभागी भई आफ्नो राय दिने ।
ख) अध्यक्षको काममा सहयोग पुर्‍याउने ।
ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने ।
घ) तोकिएका अन्य काम गर्ने ।
**(३) सदस्यको काम, कर्तव्य र अधिकार :**
क) बैठकमा सहभागी भई आफ्नो राय दिने ।
ख) तोकिएको कार्यक्षेत्रको काम गर्ने र प्रतिवेदन दिने ।
ग) तोकिएका अन्य काम गर्ने ।
**(४) सदस्य सचिवको काम, कर्तव्य र अधिकार**
क) अध्यक्षसँगको परामर्शमा बैठकका एजेण्डा तय गर्ने र बैठक बोलाउने ।
ख) बैठकका निर्णयहरु प्रमाणित गर्ने ।
ग) कार्यपालिकामा नियमित प्रगति प्रतिवेदन पेश गर्ने ।
घ) समितिले तोकेको जिम्मेवारी पूरा गर्ने ।
ङ) तोकिएका अन्य काम गर्ने ।

## परिच्छेद ४
## बैठक, पदावधि, पदरिक्तता र पदपूर्ति

**१०. समितिको बैठक**: समितिको बैठक देहायबमोजिम हुनेछ -
(१) समितिको नियमित बैठक तीन महिनामा एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर यस प्रावधानले दुई महिनाअगावै आवश्यक परेमा बैठक बस्न बाधा सिर्जना गरेको मानिने छैन ।
(२) उपपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।
(३) एक बैठकदेखि अर्को बैठकबीचको अवधि १०० दिनभन्दा बढी हुनेछैन ।
(४) तत्काल बहाल रहेको समितिको बहुमत संख्यालाई बैठकको गणपूरक संख्या मानिनेछ । बैठकमा समितिका सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।
(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(६) बैठक सञ्चालनको लागि आवश्यक कार्यविधि समिति आफैले बनाउन सक्नेछ ।

(७) बैठकका निर्णयहरु कार्यान्वयनको लागि आवश्यक पत्राचार, जानकारी, सम्पर्क र समन्वय गर्ने जिम्मेवारी बैठकको निर्णय बमोजिम अध्यक्ष वा सदस्य सचिवको हुनेछ ।
(८) बैठकका निर्णयहरु सदस्य सचिवले प्रमाणित नगरेमा समितिका बहुमत सदस्यहरुले प्रमाणित गर्न सक्नेछन् ।

**<u>११. समितिको पदावधि</u>:** समितिको पदावधि नियुक्त भएको मितिले ३ वर्षको र वडास्तरीय युवा तथा खेलकुद विकास समितिको पदावधि ३ वर्षको हुनेछ । विशेष कारणवश पदावधि अगावै विघटन गर्नुपरेमा समितिको विघटन कार्यपालिकाको निर्णयबाट र वडा युवा तथा खेलकुद विकास समितिको विघटन युवा तथा खेलकुद विकास समितिको निर्णयबाट मात्र गर्न सकिनेछ ।

**<u>१२. राजीनामा</u>:** समितिका उपाध्यक्ष तथा सदस्यहरुले अध्यक्षसमक्ष र अध्यक्षले उपाध्यक्षमार्फत् बैठकमा राजीनामा पेश गर्न सक्नेछन् । प्राप्त राजीनामा समितिको बैठकले स्वीकृत गर्नसक्नेछ ।

**<u>१३. पद रिक्तता</u>:** देहायको अवस्थामा समितिको कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ :
(१) निजको राजीनामा स्वीकृत भएमा ।
(२) मृत्यु भएमा ।
(३) समितिको पदाधिकारी वा सदस्यको रुपमा बहाल रहेको अवस्थामा कुनै फौज्दारी अभियोग लागी अदालतबाट प्रमाणित भएमा ।
(४) दफा ६ बमोजिमको योग्यता पूरा नभएको ठहर भई कार्यपालिकाबाट पदमुक्त भएमा ।
(५) छ महिनाभन्दा बढी अवधि तोकिएको कार्यक्षेत्रमा नरहेको वा लगातार तीन वटाभन्दा बढी बैठकमा अनुपस्थित भई जिम्मेवारी पूरा नगरेको वा समितिको गोपनियता भंग गरेको प्रमाणित भई कार्यपालिकाबाट पदमुक्त भएमा । तर यसरी पदमुक्त गर्दा निजलाई सफाइको मौका दिनबाट वञ्चित गरिनेछैन ।

**<u>१४. पदपूर्ति</u>:** समितिको पदावधि ६ महिना भन्दा बढी रहेको अवस्थामा समितिका कुनै पदाधिकारी वा सदस्यको पदरिक्त हुन गएमा निज जुन प्रक्रियाबाट नियुक्त भएको हो सोही प्रक्रिया वा क्षेत्रबाट बाँकी अवधिको लागि समितिमा नियुक्त गरिनेछ ।

## <u>परिच्छेद ५</u>
## कार्यान्वयन र व्यवस्थापन

**<u>१५. कार्यक्रम छनौट</u>:** समितिबाट कार्यान्वयन गरिने विभिन्न कार्यक्रम वा आयोजनाको छनौट गाउँसभा वा कार्यपालिकाले गर्नेछ । तर स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही निर्णय गर्ने र कार्यान्वयन गर्ने दायित्व समितिको हुनेछ ।

**<u>१६. कार्यक्रम कार्यान्वयन</u>** : (१) समितिबाट सञ्चालन गरिने अशक्त अपाङ्ग लक्षित कार्यक्रमको कार्यान्वयन समिति आफैले वा उपभोक्ता समितिमार्फत् गर्न सकिनेछ ।
(२) समितिले कार्यक्रम कार्यान्वयन गर्दा कुनै सरकारी, गैरसरकारी वा निजी क्षेत्रसँग साझेदारी कार्यक्रमको रुपमा पनि सञ्चालन गर्न सक्नेछ ।
(३) समितिले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि आवश्यकता अनुसार परामर्शदाता, स्रोत व्यक्ति वा विज्ञको परिचालन गर्न सक्नेछ ।

**<u>१७. उपसमिति गठन गर्न सक्ने</u>:** (१) समितिले आफूले गर्नुपर्ने काम कारवाही सुचारु रुपले गर्नको लागि आवश्यकता अनुसार विभिन्न कार्यदल वा उपसमिति वा समूहहरु गठन गर्न सक्नेछ । यस्तो कार्यदल वा उपसमिति वा समूहमा विभिन्न क्षेत्रका विशेषज्ञ, सेवा प्रदायक तथा अन्य सरोकारवालाको समेत संलग्नता रहन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा सेवासुविधा समितिको निर्णय बमोजिम हुनेछन् ।

**१८. सेवा सुविधाः** समितिका पदाधिकारी तथा सदस्यहरुको लागि कुनै किसिमको तलब भत्ता उपलब्ध गराइने छैन । तर स्वीकृत वार्षिक सञ्चालन बजेटको सीमाभित्र रही प्रचलित नियमानुसार बैठक भत्ता, सञ्चार र यातायात खर्च कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ ।

**१९. बजेट व्यवस्थापनः** समितिको कार्यालय तथा बैठक खर्च र कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट गाउँपालिकाले व्यवस्थापन गर्नेछ ।

**२०. अनुगमन र मूल्यांकनः** (१) समितिमार्फत् सञ्चालन भइरहेका कार्यक्रमहरुको नियमित अनुगमन समितिका पदाधिकारीहरुबाट हुनेछ ।
(२) गाउँपालिकाको अनुगमन तथा मूल्यांकन समितिले युवा तथा खेलकुद विकास समितिको कामको अन्तिम अनुगमन र मूल्यांकन गर्नेछ ।
(३) गाउँपालिकाको अनुगमन तथा मूल्यांकन समितिको काममा सहयोग गर्नु समितिको कर्तव्य हुनेछ ।

**२१. प्रतिवेदनः** समितिले आफूले गरेका कामकारवाहीको प्रगति प्रतिवेदन तोकिएको ढाँचामा चौमासिक रुपमा कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ६
## विविध

**२२. कार्यालय** : समितिको कार्यालय गाउँकार्यपलिकाले तोकेको स्थानमा रहनेछ ।

**२३. समितिको छाप** : समितिको काम कारबाहीको निमित्त अनुसूची १ बमोजिमको आफ्नो एउटा छुट्टै छाप हुनेछ । साथै समितिको कार्यालयमा साइनबोर्ड र कार्यालय प्रयोजनको लागि लेटरप्याड छपाइ गरी प्रयोग गर्न सक्नेछ ।

**२४. सदस्य सचिवसम्बन्धी व्यवस्था** : समितिको सदस्य सचिव सामाजिक विकास शाखाको प्रमुख वा गाउँकार्यपालिकाले तोकेको कर्मचारी रहनेछ ।

**२५. सपथग्रहण गर्नुपर्ने** : सदस्य सचिव वाहेक समितिका सबै पदाधिकारी तथा सदस्यहरुले गाउँपालिका अध्यक्षसमक्ष पद तथा गोपनियताको सपथग्रहण गर्नुपर्नेछ । सपथको ढाँचा अनुसूची २ बमोजिमको हुनेछ ।

**२६. प्रमाण-पत्रसम्बन्धी व्यवस्था** : सदस्य सचिव वाहेक समितिका सबै पदाधिकारी तथा सदस्यहरुलाई गाउँपालिकाको तर्फबाट अनुसूची ३ बमोजिमको ढाँचामा प्रमाण पत्र प्रदान गरिनेछ ।

**२७. सहयोग र समन्वयमा काम गर्नुपर्ने** : (१) समितिले गाउँपालिकाको सामाजिक विकास शाखासँगको समन्वयमा काम गर्नुपर्नेछ ।
(२) समितिको काममा सहयोग र समन्वय गर्नु सामाजिक विकास शाखाको कर्तव्य हुनेछ ।
(३) यस कार्यविधिबमोजिम समितिले गर्ने काममा कार्यपालिका, वडा समिति र गाउँपालिकाभित्र रहेका कार्यालयहरुले आवश्यक सहयोग र समन्वय गर्नुपर्नेछ ।

**२८. प्रचलित कानुनबमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधिबमोजिम र यसमा उल्लेख नभएको विषयमा गाउँपालिकाको प्रचलित कानुनबमोजिम हुनेछ ।

**२९. संशोधन** : गाउँकार्यपालिकाले यस कार्यविधिको कुनै परिच्छेद वा दफा वा उपदफा वा कुनै अंशमा थपघट, हेरफेर वा संशोधन गर्नसक्नेछ ।

**३०. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने** : कार्यपालिकाले यस कार्यविधिको कार्यान्वयनको क्रममा थप व्याख्या गर्न वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

**३१. बचाउ** : यस कार्यविधिको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित कानुनबमोजिम यसअघि भएका कार्यहरु यसै कार्यविधिबमोजिम भएको मानिनेछ ।

समाप्त

## अनुसूची १
## समितिको छाप
(कार्यविधिको दफा २३ सँग सम्बन्धित)

**नाम :** युवा तथा खेलकुद विकास समिति, बगनासकाली गाउँपालिका, ब्गानासकाली चितुङ्गधारा, पाल्पा, लुम्विनी प्रदेश, नेपाल
**स्थापनाः** २०७९
**लोगो :** युवा तथा खेलकुद विकास समिति बैठकको सिफारिसमा गाउँ कार्यपालिका बैठकले अनुमोदन गरे बमोजिमको हुनेछ ।

## अनुसूची २
## समितिका पदाधिकारी तथा सदस्यहरुले लिने सपथको ढाँचा

कार्यविधिको दफा २५ सँग सम्बन्धित्

म... ... ... ... ... ... ...सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि बगनासकाली गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि २०७९ बमोजिम गठित समितिको ..................पदको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारीपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई कुनै पनि माध्यमबाट आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन ।

नाम :-............................................ पद.............................
मिति :-............................................ दस्तखत : ......................

## अनुसूची ३
## समितिका पदाधिकारी तथा सदस्यहरुलाई प्रदान गरिने प्रमाण-पत्रको ढाँचा

कार्यविधिको दफा २६ सँग सम्बन्धित्

**बगनासकाली गाउँपालिकाका**

बगनासकाली गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि २०७९ बमोजिम गाउँ कार्यपालिकाको मिति ....................सम्पन्न बैठकको निर्णय अनुसार बगनासकाली गाउँपालिका......................निवासी तपाइ श्री........................(ना.प्र.नं......) लाई समितिको .............................पदमा नियुक्त गरिएको छ । कुशलता पूर्वक जिम्मेवारी सम्पादन गर्नु हुनेछ भन्ने विश्वास सहित तपाइलाई हार्दिक बधाइ तथा सफाल कार्यकालको शुभकामना ।

हस्ताक्षर................. हस्ताक्षर..............
नाम................ नाम...................
प्रमुख प्रसासकिय अधिकृत मिति ....................... अध्यक्ष..................